# सिविस बालसंरक्षण नीति

यो आचारसंहिता बालबालिकाको संरक्षणका लागि तयार गरिएको हो । यो संस्थाका सबै सदस्यहरु, कर्मचारीहरु, स्वयंसेवकहरु, परामर्शदाताहरु बालबालिकासँग प्रत्यक्ष सम्पर्कमा रही काम गर्नेहरुमाथि लागू हुनेछ । यस आचारसंहिताको उल्लंघन गरिएमा त्यसलाई विधान र कर्मचारी सेवासर्त नियमावलीको उल्लंघन गरेको मानिनेछ ।

- बालबालिकालाइसँधै आफूसँग हुन सक्ने दुर्व्यवहारको विरोध गर्न र सम्बन्धित ठाउँमा उजुरी गर्न सिकाउने ।
- बालबालिकालाई माया गर्नुका साथै उनीहरुको विचार, भावनाहरुको सम्मान गर्ने र समस्याहरुलाई बुझिदिने ।
- बालबालिकाहरुमाझ कुनै पनि आधारमा भेदभाव नगर्ने र नहोस् भनी सधैँ सजग रहने ।
- बालबालिकाले गरेका उजुरीहरुमा विश्वास गर्ने, शंका नगर्ने र आवश्यक कार्यवाही गर्नका लागि उनीहरुको साथ दिने ।
- बालदुर्व्यवहार गर्ने व्यक्तिहरुलाई पारिवारिक, सामाजिक एवम् संस्थागत रुपमा नै बहिष्कार गर्ने ।
- अभिभावक एवम् बालबालिकाहरुमाझ बालदुर्व्यवहारका बारेमा र बचाउका उपायहरु एवम् उपलब्ध सेवा सुविधाहरुको बारेमा चेतना जगाउने ।
- दुर्व्यवहारबाट प्रभावित बालबालिकालाई उपयुक्त मनोसामाजिक सेवा, कानुनी, सहायता तथा संरक्षणका अन्य उपायहरु अवलम्बन गर्न सघाउने ।
- बालबालिकाले दुर्व्यवहार महसुस गर्न सक्ने वा दुर्व्यवहारको परिभाषाभित्र पर्ने खालका कुनै पनि गतिविधिहरु नगर्ने ।
- बालसंरक्षणका लागि आवश्यक पर्याप्त नीति तथा कानुनहरु आफ्नो परिवार समाज एवं संस्थामा निर्माण गरी लागू गर्ने ।
- राष्ट्रिय स्तरमा बाल संरक्षणका नीति कानुनहरु बनाउन पैरवी एवं पहल गर्ने ।
- बालबालिकाहरु पढ्ने, खेल्ने तथा धेरै सहभागी हुने स्थानहरु भौतिक पूर्वाधारका हिसाबले सुरक्षित छन् या छैनन् ख्याल गर्ने र सुरक्षित बनाउन पहल गर्ने ।
- आपतकालीन अवस्थामा बाहेक बालबालिकालाई सुपरीवेक्षण बिना एक्लै वयस्कसँग नराख्ने तथा आफूले पनि त्यसरी एक्लै बालबालिकासँग नबस्ने ।
- बालबालिकालाई कुटपिट गर्न वा शारीरिक वा मानसिक चोट पुऱ्याउन वा दुर्व्यवहार गर्न हुँदैन ।
- बालबालिकासँग शारीरिक वा यौन सम्बन्ध राख्नु हुँदैन ।
- प्रत्येक व्यक्तिको वैयक्तिक गोपनियताको सम्मान गर्दै मर्यादा गर्नुपर्छ ।
- अभद्र, अनुचित र आक्रामक शब्दको प्रयोग गर्ने, सल्लाह वा सुझाव दिने गर्नु हुँदैन ।
- ख्यालख्यालमा पनि अभद्र इशारा वा बोली प्रयोग गर्नु हुदैन ।
- जाति, संस्कृति, उमेर, लिङ्ग, शारीरिक अवस्था, धर्म, क्षेत्र, यौनिकता वा राजनीतिक आस्थाका आधारमा भेदभाव प्रकट हुने शब्द प्रयोग गर्ने वा व्यवहार गर्ने गर्नुहुँदैन ।
- बालबालिका संलग्न हुने कुनै पनि अवसरको आयोजना गर्दा जोखिम कम हुने गरी योजना बनाउने र राति बास बस्ने गतिविधि रहेछ भने वयस्क र बालबालिकाहरु अलग्गै सुत्ने प्रबन्ध मिलाउने ।
- बालबालिकासँग कुनै खास केटा वा केटी वा अनौपचारिक ठाउँमा एकान्तमा बस्नुपर्ने अवस्था सकेसम्म आउन नदिने । कुनै गतिविधिको योजना बनाउँदा कुनै पनि समयमा एकभन्दा बढी व्यक्ति उपस्थित हुने वा कम्तीमा पनि अरुले देख्न वा सुन्न सक्ने ठाउँ वा नजिकै हुने गरी गर्ने ।
- कुनै पनि कार्यक्रमहरुमा बालबालिकाहरुलाई सहभागी गराउनु परे अभिभावक/रोजगारदाता/शिक्षकको अनुमति लिएर मात्र सहभागी गराउने ।
- सहभागी गराउँदा कार्यक्रमको समयावधी पहिल्यै सुचित गर्नु आवश्यक छ ।
- बालबालिकालाई कार्यक्रमहरुमा सहभागी गराउँदा समान सहभागीता गराउनु पर्छ ।

- झोक्किने वा घोक्र्याउने जस्तो व्यवहार गरेर अनपेक्षित रुपमा ध्यानाकर्षण हुने व्यवहार नगर्ने ।
- बालबालिकालाई स्थानीय संस्कृतिमा अनुपयुक्त मानिने तरिकाले अँगालो मार्ने, म्वाई खाने, धाप मार्ने, सुमसुम्याउने वा समात्ने गर्नु हुँदैन ।
- कुनै बालबालिका विशेषलाई बढी माया गरेको नदेखाउने, किनभने सिविसका लागि सबै बालबालिका समान हुन् ।

**बालबालिकासँग यस्ता ब्यबहारहरु गर्नुहोस**

- बालबालिकाका कुरा ध्यान दिएर सुन्ने
- नम्र र मिठो बोली बोल्ने
- सम्मानपूर्वक व्यवहार गर्ने
- समान व्यवहार गर्ने
- सुरक्षित वातावरणको व्यवस्था गर्ने
- भयमुक्त वातावरणको श्रृजना गर्ने
- स्वतन्त्रपूर्वक मनका कुरा राख्न हौसला प्रदान गर्ने
- बालबालिकाको विश्वास जित्ने
- गोपनियता कायम गर्ने
- भावनात्मक  सहयोग प्रदान गर्ने
- बालबालिका जे जस्तो अबस्थामा छन त्यसलाइ स्विीकार्ने
- उनीहरुलाई स्यावास दिने

**बालबालिकासँग निम्न ब्यबहारहरु नगर्नुहोस**

- सिधा र ठाडो प्रश्न
- झुटा आश्वासन दिने काम
- बालबालिकासँग कहिल्यै पनि नमिठो वचनले बोल्ने
- बालबालिकालाई तिरष्कार र हेला गर्ने
- बालबालिकाको गोपनियता भङ्ग गर्ने
- बालबालिकालाई कुनै काम गर्न वा कुनै कुरा बोल्न दबाव सिर्जना गर्ने
- बालबालिकामाथि शक्तिको प्रदर्शन गर्ने
- बालबालिकालाई होच्याएर बोल्ने र कुनै पनि खालका आक्षेप लगाउने ।
- बालबालिकासँग एक्लै बसेर लामो समयसम्म कुराकानी वा काम गर्ने
- बालश्रमको प्रयोग गर्ने ।